# विश्व न्याय गृह
# २०१०

विश्व भरका बहाईहरू
अति प्रिय मित्रहरू,

१) बहाउल्लाहका अनुयायीहरू प्रति प्रशंसाले भरिएका हृदय लिएर यस आनन्दमय रिज्वानको मौसम शुरु भै रहेको बेलामा यो सुनाउन पाउँदा हामीलाई खुशी लागको छ कि विश्वको प्रत्येक महाद्वीपमा सघन वृद्धि कार्यक्रम पूरा गर्ने काम भै रहेको छ र पाँच वर्षे योजनाको लक्ष्य अनुसार विश्व भर १,५०० वटा पुराउने कार्य योजना पूरा हुने एक वर्ष अघि नै प्राप्त हुनेछ । यस आश्चर्यमय उपलब्धि, यस महत्वपूर्ण विजयको लागि हामी कृतज्ञताका साथ ईश्वर प्रति शिर झुकाउँदछौं । यस क्षेत्रमा परिश्रम गर्ने सबैले यस कुराको प्रशंसा गर्नेछन् कि उनले आफ्नो समुदायलाई हाल सबै ठाँउमा स्थापना भै सकेको विस्तार र सुदृढीकरणको प्रारुपलाई बलियो बनाउन उनले पूरा एक वर्ष दिएका छन्, जुन अवधीमा अब आउने विश्व योजनामा उनीहरूले गर्नु पर्ने कार्यहरूको तयारीको रुपमा लिन सकिन्छ त्यस योजना जसको अवधी पाँच वर्षको हुनेछ, योजनाहरूको क्रममा पाँचौ हुनेछ र यसको प्रत्यक्ष उद्देश्य फौजको संख्यामा प्रवेशको प्रक्रियालाई अघि बढाउनु हुनेछ ।

२) यस उल्लासपूर्ण अवसरमा यसो अडेर विचार गर्दा हामीलाई यो कुरा स्पष्ट पार्न मन लागेको छ कि यस गर्व र कृतज्ञताको गहिरो भावना पैदा भएको जति सुकै उल्लेखनीय भए ता पनि यो संख्यात्मक उपलब्धीले मात्र हैन, बरु संस्कृतिको स्तरमा देखिएका घटनाहरूको संयोगले हो, जसलाई यस उपलब्धीले प्रमाणित गर्दछ । यी मध्ये मुख्य कुरा यो हो कि हामीले मित्रहरूमा एक अर्कासँग आध्यात्मिक विषयहरूमा अरुहरूसँग वार्तालाप गर्ने बहाउल्लाहको व्यक्तित्व र उनको प्रकटिकरणबारे सहज तरिकाले बोल्ने क्षमताको विकास भएको देखेका छौ । उनीहरूले राम्ररी बुझेका छन् कि शिक्षण कार्य भनेको उदार रुपले दिने जीवन पद्धतिको एउटा आधारभूत आवश्यकता हो ।

३) हालका सन्देशहरूमा हामीले विश्वभरि नै देखिएको शिक्षण कार्यको गतिमा भै रहेको क्रमिक वृद्धि प्रति हर्ष व्यक्त गरेका छौ । व्यक्ति अनुयायीले पूरागर्नु पर्ने यो आध्यात्मिक कर्तव्य बहाई जीवनको अनिवार्य विशेषताको रुपमा थियो र सँधै रहिरहने छ । १,५०० सघन वृद्धि कार्यक्रमको स्थापनाले यो कुरालाई स्पष्ट पारेको छ कि ती सर्व साधारण अनुयायीहरू सहासी र सुनियोजित भएर आफ्ना परिवारका सदस्य र साथीहरूको निकट घेराबाट बाहिर निस्केर अति करुणामय प्रभुको मार्गदर्शनको सहायताले जुन सुकै ठाउँमा पनि बसोबास गर्ने ग्रहणशील आत्माहरू समक्ष पुग्न तयार भएका छन् । सबभन्दा सामान्य अनुमान गऱ्यो भने पनि यो देखिन्छ कि दशौं हजार अनुयायीहरूले पहिले अपरिचित मानिने व्यक्तिहरूसँग समान समझदारीको आधारमा मित्रताको गाँठो बाँध्ने अभियानहरूमा सहभागी बनि रहेका छन् ।

४) प्रभु धर्मका आधारभूत तथ्यहरू सरल र स्पष्ट रुपमा प्रस्तुत गर्ने तिनीहरूका प्रयासमा धर्मावलम्बीहरूले रुही प्रतिष्ठानको पुस्तक छ को चित्रमय उदाहरणबाट निक्कै लाभ प्राप्त गरेका छन् । जब यस्तो प्रस्तुतिको तर्क बुझिन्छ र त्यसलाई एउटा पद्धतिको रुपमा परिणत गर्नु पर्ने कारण स्पष्ट हुन्छ तब त्यसले दुई आत्माहरू बीचको वार्तालाप पैदा गर्दछ यस्तो वार्तालाप जसलाई ती आत्माहरू बीच स्थापित भएको गहिरो समझदारी र सम्बन्धको प्रकृतिले प्रत्यक्ष पार्दछ । यस्तो वार्तालाप पहिलो भेटघाट पछि कुन हदसम्म चलिरहन्छ र कस्ता किसिमको मित्रता स्थापित हुन्छ, यस्तो किसिमको प्रत्यक्ष शिक्षण

प्रयास एउटा स्थायी आध्यात्मिक परिवर्तनको कारक बन्न सक्छ । यस्ता नयाँ मित्रहरू सँगको पहिलो सम्पर्क भै बहाई समुदायको सदस्य बन्न आह्वान गरिन्छ वा कुनै क्रियाकलापहरूमा सहभागी बनाईन्छ भन्ने कुरा त्यति ठूलो चासोको विषय हैन । बढी महत्वको कुरा यो हो कि प्रत्येक आत्माले समाजको उत्थान गर्ने काममा बहाई समुदायमा सहभागी बन्न आफूलाई स्वागत गरिएको महसूस गर्नु पर्छ, यसरी उनीहरू मानव जातिको सेवामा संलग्न हुन थाल्ने छन् र शुरु मै पछि गएर औपचारिक रुपमा सदस्य बन्ने छन् ।

५)	यस उपलब्धीको महत्वलाई अवमूल्यन गर्नु हुँदैन । प्रत्येक क्लष्टरमा,एक पटक नियमित कामको एउटा स्थिर प्रारुपको स्थापना भए पछि, सहकर्मी र मित्रजनहरूको एउटा संजालद्वारा अझ विस्तृत रुपमा विस्तार गर्नेतिर ध्यान दिनु पर्ने हुन्छ, र साथसाथै स-साना जनसमुदायहरूमा प्रयासहरू केन्द्रित गर्नु पर्छ ता कि यस्तो प्रत्येक समुदाय सघन क्रियाकलापको केन्द्र बन्न जानेछ । शहरी क्लष्टरमा, यस्तो क्रियाकलापको केन्द्र एउटा टोल वा वडाका सीमानाहरू द्वारा निर्धारित गर्न सकिन्छ ; सामान्यतया ग्रामिण प्रकृतिको क्लष्टरमा एउटा सानो गाँउले नै यस उद्देश्यको लागि उपयुक्त सामाजिक स्थान प्रदान गर्न सक्छ । जो यस्ता वातावरणहरूमा सेवा गर्दछन् ; स्थानीय बासिन्दाहरू र आगन्तुक शिक्षकहरू दुबैले आफ्नो कामलाई सामुदायिक निर्माणको रुपमा सही किसिमले हेर्ने छन् । पहिलो सम्पर्कको लागि कुनै घरका निवासीहरूलाई पूर्व सूचना बिना नै भेट्ने जाने गरिएको भएता पनि तिनीहरूका शिक्षण प्रयासहरूलाई “गृह भ्रमण भन्ने जस्तो संज्ञा दिने त्यस प्रक्रिया सुहाँउदो हुँदैन जसले कुनै जनसमुदायलाई आफ्नो आध्यात्मिक, सामाजिक र बौद्धिक विकासको जिम्मा आफै लिन सक्ने क्षमताको विकास गर्न खोजेको छ । यस प्रक्रियालाई अगाडि बढाउने क्रियाकलापहरू जस्मा नयाँ साथीहरूलाई पनि भाग लिन आमन्त्रित गर्न सकिन्छ - समुदायको भक्तिभाव चरित्रलाई सुदृढ बनाउने बैठकहरू बालबालिकाका हृदय र मनलाई हुर्काउने मद्दत गर्ने कक्षाहरू; नव युवाहरूको आवेगयुक्त जोशलाई सही मार्गमा लगाउने समूहहरू; विविध पृष्ठभूमिका मानिसहरूलाई समान तहमा अघि बढ्न र व्यक्तिगत तथा सामूहिक जीवनमा बहाई सन्देशहरूको प्रयोग बारे अन्वेषण गर्ने सक्षम बनाउने सबैका लागि खुला राखिएका अध्ययन कक्षाहरू - यी सबैका लागि केही समय सम्म स्थानीय बासिन्दाहरू भन्दा बाहिरको सहयोग आवश्यक हुन सक्छ । तर यो अपेक्षा गर्न सकिन्छ कि यी मुख्य क्रियाकलापहरूलाई वृद्धि गर्ने काम चाँढैनै स्थानीय टोल वा गाँउ कै जन समुदायले गर्न सक्ने छ - ती पुरुष तथा महिलाहरूले जो आफ्नो वरिपरिको भौतिक र आध्यात्मिक अवस्थामा सुधार ल्याउन चाहन्छन् ।	यसरी एउटा लयबद्ध सामुदायिक जीवन क्रमैसँग प्रकट हुन थाल्छ जुन बहाउल्लाहको नयाँ विश्व व्यवस्थाको परिकल्पना प्रति समर्पित व्यक्तिहरू बढ्दै गइरहेको जमातको क्षमतामा आधारित हुन्छ ।

६)	यसै परिप्रेक्ष्यमा, मुख्य क्रियाकलापहरूले शुरु गरेको समुदाय निर्माण प्रक्रियामा सहभागी बन्ने इच्छुकताले नै ग्रहणशीलतालाई प्रकट गर्ने छ । सघन वृद्धि कार्यक्रम कार्यान्वयन भएका एक पछि अर्को क्लष्टरमा यो आउँदो वर्षको लागि साथीहरूको कर्तव्य हो एक वा बढी ग्रहणशील जनसमुदायमा शिक्षण कार्य गर्नु , प्रभु धर्मका आधारभूत कुराहरूलाई प्रत्यक्ष उपायहरूलाई प्रयोग गरेर, र त्यस्ता आत्माहरूलाई फेला पार्नु जो समाजले उनीहरूमाथि  लादिरहेको आलस्यलाई फ्याँकेर एक अर्कासँग मिलेर आफ्नो टोल वा गाँउमा काम गर्न र सामूहिक परिवर्तनको प्रक्रिया शुरु गर्न इच्छुक छन् । यदि साथीहरूले यस्ता साना साना परिस्थितिमा सामुदायिक निर्माणका तरिका र उपायहरू सिक्ने काममा प्रयास गरिरहे भने प्रभु धर्मको काम कार्वाहीमा विश्व व्यापी सहभागिता जुटाउने लामो समय देखिको लक्ष्य, हामीलाई पूर्ण विश्वास छ, ठूलो परिमाणमा हाम्रो पहुँचमा आईपुग्ने छ ।

७)	यस चुनौतिलाई सामना गर्न व्यक्ति अनुयायीहरू र तिनीहरूको सेवा गर्ने संस्थाहरूले आफ्नो क्लष्टरमा प्रतिष्ठान प्रक्रियालाई सुदृढ पार्नु पर्छ, आफ्नो सिमाना भित्र अध्ययन कक्षाहरूमा शिक्षक (टचुटर) बन्न योग्य व्यक्तिहरूको संख्या बढाएर ; किनकि यो कुरा बुझ्नु पर्छ कि साथीहरूका लागि विभिन्न टोल र गाँउहरूमा एउटा गतिशील सामुदायिक जीवनको विकास गर्ने जुन मौका देखिएको छ र त्यसमा एउटा गहिरो उद्देश्य प्राप्तिको भावना प्रकट भएको छ , त्यो सम्भव भएको गत एक दशकमा भएका महत्वपूर्ण विकास कार्यहरूकै कारण हो जुन सुदृढिकरण सँग सम्बन्धित बहाई संस्कृतिको पक्षमा आधारित छन् ।

८)	जब डिसेम्बर १९९५ मा हामीले विश्व भरि तालिम प्रतिष्ठानको लागि आह्वान गऱ्यौं, बहाई समुदायमा व्यक्ति अनुयायीहरूको धर्म सम्बन्धी ज्ञान वृद्धि गर्न मद्दत गर्ने सबभन्दा प्रचलित मुख्य तरिका बखत बखतमा आयोजना हुने विभिन्न समयावधि र विविध विषयहरूलाई सम्बोधन गर्ने तालिम र कक्षाहरू थिए । त्यस प्रक्रियाले भर्खर प्रकट हुन थालेको विश्वव्यापी बहाई समुदायको आवश्यकताहरू पूरा गरेको थियो, जुन समुदायको संख्या सानै थियो र भौगोलिक दृष्टिकोणले विश्वमा कसरी छरिएर रहेको थियो भन्ने विषयमा खास सम्बन्धित थियो । तर त्यस बेला हामीले प्रष्ट पारेका थियौं कि फौजको संख्यामा प्रवेशको प्रक्रियाको गति उल्लेखनीय रुपले बढाउने हो भने पवित्र लेखनीहरूको अध्ययन अरु नै तरिकाले गर्नु पर्ने छ, यस्तो तरिका जसले कार्य क्षेत्रमा ठूलो संख्यालाई सक्रिय गराँउछ । यसै सम्बन्धमा हामीले तालिम प्रतिष्ठानलाई बढ्दो संख्यामा प्रस्तुत भएका अनुयायीहरूलाई सेवा कार्यमा संलग्न गराउन यस्ता पाठयक्रमहरूको व्यवस्था गर्नु जसले ज्ञान दृष्टि र सीपहरू प्रदान गर्नेछन् जस द्वारा बढ्दो गतिमा विस्तार सुदृढिकरण सम्बन्धी धेरै कामहरू गर्न सक्ने बनाउने आह्वान गरेका थियौ ।

९)	प्रभु धर्म सम्बन्धी लेखनीहरू पढनु र बहाउल्लाहको आश्चर्यजनक प्रकटिकरण बारे बढी ज्ञान प्राप्त गर्ने प्रयास गर्नु भनेको उनले आफ्नो प्रत्येक अनुयायीलाई दिनु भएको कर्तव्य हो । सबैलाई आदेश दिइएको छ तिनीहरूले उनको प्रकटिकरणको सागरमा प्रवेश गरुन र आफ्नो क्षमता र प्रवृत्ति अनुसार त्यहाँ रहेका ज्ञानका मोतीहरू प्राप्त गरुन् । यसै सम्बन्धमा, स्थानीय ज्ञान वृद्धि कक्षाहरू, शीतकालिन र गृष्मकालिन विद्यालय, र विशेष रुपले तयार पारिएका भेलाहरू जहाँ बहाई लेखनी सम्बन्धी ज्ञान भएका व्यक्ति बहाईहरूले अरुहरू सँग विभिन्न विषयमा ज्ञान आदान प्रदान गर्ने कार्य प्राकृतिक रुपमा प्रस्तुत भएर बहाई जीवनको एउटा उल्लेखनीय विशेषता बन्न गयो । जसरी, पवित्र लेखनीको दैनिक रुपमा पाठ गर्ने आदत बहाई पहिचानको अभिन्न अङ्ग हो त्यस्तै अध्ययनका यी नयाँ तरिकाहरूले पनि समुदायको सामूहिक जीवनमा स्थान पाउने छन् । तर यस प्रकटीकरणका आशयहरू बुझ्ने काम, व्यक्तिगत विकास र सामाजिक सम्मुनति दुवै सम्बन्धमा, कैयौं गुणा बढ्ने छ जब अध्ययन र सेवालाई जोडेर साथसाथै कार्यान्वयन गरिने छ । त्यहाँ, सेवा क्षेत्रमा ज्ञानको परीक्षा गरिने छ, अभ्यासको क्रम प्रश्नहरू उठ्ने छन, र ज्ञानको नयाँ स्तरहरू प्राप्त हुनेछ । एक पछि अर्को देशमा स्थापना भै रहेको दूर शिक्षाको प्रणालीमा जसको मुख्य तत्वहरूमा अध्ययन कक्षा टयुटर (शिक्षक) र रुही प्रतिष्ठानको पाठयक्रम पाइन्छन् विश्व-व्यापी बहाई समुदायले यस्तो क्षमता प्राप्त गरेका छ जसद्वारा हजारौ, हैन करौडौ लाई स-साना समूहहरूमा लेखनीहरू अध्ययन गरेका बहाई शिक्षाहरूलाई वास्तविक रुप दिएर प्रभु धर्मको कामलाई आगामी चरणमा पुऱ्याउन सकिन्छ : त्यो हो संख्यामा स्थायी विस्तार र सुदृढिकरण ।

१०)	यसरी सृजना भएका सम्भावनाहरूको महत्व बुझ्न कसैले पनि नचुकोस् । आलस्य भन्ने चिज आजको समाजले उत्पन्न गरेको कुरा हो । मनोरञ्जन प्राप्त गर्ने इच्छा बाल्यावस्था देखि नै व्यवस्थित

गरिएको हुन्छ र बढ्दो दक्षताका साथ यसरी गरिन्छ कि यस्ता पुस्ताहरूको सृजना हुन्छ जो हल्का भावनाहरूको सन्तुष्टिमा जसले दक्षता देखाउँछ उसैको पछि पछि लाग्न तयार हुन्छन् । कैयौं शिक्षण प्रणालीहरू समेत विद्यार्थीहरूसँग यस्तो व्यवहार गरिन्छ कि तिनीहरू सूचना प्राप्त गर्नका लागि बनाइएका साधन मात्र हुन् । बहाई विश्वले भने एउटा यस्तो संस्कृतिको विकास गर्न सफल भएको छ जसले विचार गर्ने अध्ययन गर्ने र कामकार्वाही गर्ने नयाँ परिपाटीको प्रवर्धन गर्दछ जसमा सबैले एउटा सामूहिक सेवाकामार्ग अपनाएको धारणा लिएका छन् । एक अर्कालाई  सहयोग गर्दै र अगाडि बढ्दै, प्रत्येकले कुनै निश्चित समयमा हासिल गरेको ज्ञानको कदर  गर्दै र अनुयायीहरूलाई परिपक्क र ज्ञानरहित जस्ता समूहहरूमा विभाजित गर्ने जस्ता कुराबाट टाढा रहेर यो एउटा अति विशाल उपलब्धी हो ।  त्यसैमा नै एउटा अदम्य अभियानको गतिशिलता रहेको छ ।

११)    यो कुरा अनिवार्य छ कि अध्ययन कक्षाको स्तरमा विकसित भएको शिक्षण प्रक्रियाको गुणस्तर उल्लेखनीय रुपले आगामी वर्षमा बढ्नु पर्छ ताकि स्थानीय जनसमुदायको यस्तो गतिशीलता सृजना गर्ने क्षमता प्रांप्त हुने छ । यस सम्बन्धमा शिक्षकको रुपमा काम गर्ने धेरै जोसहरूमा रहने छ । प्रतिष्ठानका शिक्षण कार्यक्रमहरूमा गरिएका परिकल्पना अनुसारको वातावरण प्रदान गर्नु तिनीहरूको चुनौति हुनेछ, यस्तो वातावरण जुन व्यक्ति व्यक्तिको आध्यात्मिक सशक्तीकरण अनुकुल हुन्छ, जसले आफूलाई आफ्नै ज्ञान प्राप्तिको सक्रिय तत्वको रुपमा व्यक्तिगत र सामूहिक परिवर्तन ल्याउनका लागि ज्ञान प्रयोग गर्ने प्रयासको कारकको रुपमा देख्ने छन्. । यदि असफल भएमा, कुनै क्लष्टरमा जति सुकै अध्ययन कक्षाहरू गठन भए पनि परिवर्तन ल्याउनका लागि चाहिने शक्ति, उत्पादन हुन सक्दैन ।

१२)    यदि शिक्षक (टचुटर) को काम झन् झन् बढी उत्कृष्टता प्राप्त गर्ने हो भने, यो कुरा विर्सनु हुँदैन कि कुनै क्षेत्र वा देशमा मानव संसाधनको विकास गर्ने काम तालिम प्रतिष्ठानमा रहन्छ । आफ्ना सहभागीहरू संख्या बढाउने प्रयास गर्ने काममा प्रतिष्ठानले एउटा संगठनको रुपमा संचालक समिति देखि विभिन्न स्तरका संयोजकहरूको स्तर सम्म ग्रामिण स्तरको टयुटरसम्म यसले सम्पूर्ण प्रणालीको प्रभावकारीतामा समान जोड दिएका हुनु पर्छ, किनकि अन्त्यमा गएर स्थिर संख्यात्मक उपलब्धीहरू गुणात्मक प्रगतिमा निर्भर गर्दछ । क्लष्टर स्तरमा, संयोजकहरूले व्यवहारिक अनुभव र गतिशिलता दुवै ल्याउनु पर्छ टयुटरको रुपमा सेवा गर्नेहरूको साथमा आफ्ना प्रयासहरू लगाउनका लागि  तिनीहरूका प्रयासहरू बारे चिन्तन गर्नका लाग संयोजकले बेला बेलामा भेलाहरूको व्यवस्था गर्नु पर्छ । प्रतिष्ठानका सामग्रीहरूबाट छानिएका अंशहरूको अध्ययन दोहोऱ्याउन आयोजना गरिएका कार्यक्रमहरू कहिलेकाहीँ उपयोगी सिद्ध हुन सक्छन् , यदि तिनीहरूले सधैँ तालिम गरिरहनु पर्ने बानी बसाल्दैनन् भने । टचुटरहरूको क्षमता क्रमैसँग  विकास हुँदै जान्छ जब कुनै व्यक्ति कार्य क्षेत्रमा प्रवेश गर्छ वर्तमानका विश्वव्यापी योजनाहंरूको लक्ष्य प्राप्तिको लागि अरुहरूलाई सहयोग गर्दछ, पाठयक्रमहरूको क्रमिक अध्ययनबाट र व्यवहारिक अंशहरूको कार्यान्वयन द्वारा  र जब विभिन्न उमेरको पुरुष तथा महिलाहरूको पाठयक्रम पूरा गर्दै जान्छन् र  टचुटरहरूको सहयोगबाट प्रत्येक पाठय अंश पूरा गर्छन् तब तिनीहरूका क्षमता र रुचि अनुसारका सेवा कार्यहरूमा तिनीहरूलाई साथ दिन तयार भएर बस्नु पर्छ । खास गरी बालकक्षाहरू नब युवा समूहहरू र अध्ययन कक्षाहरूका संयोजकहरू, सेवा कार्यहरू सम्पूर्ण प्रणाली कै स्थायित्वको लागि महत्वपूर्ण छन् । यस प्रणाली भित्र उचित मात्रामा जीवन शक्ति स्पन्दित गर्न सकियोस् भन्ने कुरा सघन ज्ञान हासिल गर्ने उद्देश्य प्रत्येक देशमा आगामी बाह्र महिनामा निश्चित गर्नु पर्ने छ ।

१३)    बाल बालिकाको आध्यात्मिक शिक्षा बारेको चिन्ता बहाई समुदायको संस्कृतिको एउटा तत्वको रुपमा समयदेखि रहँदै आएको छ, यस प्रतिको चिन्ता दुई सहअस्तित्व भएका वास्तविकताका कारण हुन् । पहिलो, इरानका बहाईहरूका उपलब्धीहरू अनुकरण गर्नु हो, यसको विशेषता एक कक्षा पछि अर्को कक्षा क्रमबद्ध रुपमा संचालन गर्ने सक्ने क्षमताको कारण बहाई परिवारका बालबालिकालाई शिक्षा दिन सक्नु हो । सामान्यतया नयाँ पुस्ताहरूका लागि इतिहास र धर्मका शिक्षाहरू बारे आधारभूत ज्ञान दिनु हो । संसारका धेरै भागहरूमा, यस्ता कक्षाहरूबाट फाइदा लिन सक्नेको संख्या सानो छ । अर्को वास्तविकता त्यस्ता ठाँउहरूमा देखा परे जहाँ ठूलो संख्यामा सदस्यहरूको संख्या बढन गयो, शहरी र ग्रामीण क्षेत्रहरूमा । सबैलाई समावेश गर्ने भावनाले यस अनुभवलाई प्रभावित पारियो ।  सबै प्रकारका परिवारहरूबाट बाल बालिकाहरू बहाई कक्षाहरूमा भाग लिन ईच्छुक भएर तिनीहरूलाई स्वागत पनि गरियो तर विभिन्न कारणवश कक्षाहरू हरेक वर्ष आवश्यक नियमितता अनुसार संचालन हुन सकेनन् । हामीलाई कति खुशी लागेको छ कि ऐतिहासिक परिस्थितिका कारण यो प्रथा हुँदा हुँदै सबै ठाँउमा तालिम प्रतिष्ठानले तालिम गरेका मित्रहरूले सबैका लागि खुल्ला रहेका कक्षाहरू सुनियोजित तरिकाले सञ्चालन गर्न थालेका छन् ।

१४)    यस्तो आशा पूर्ण शुरुवातलाई शसक्त रुपले अगाडि बढाईएको छ । सघन वृद्धि कार्यक्रम सञ्चालन भएको प्रत्येक क्लष्टरमा बढदो संख्यमा विभिन्न पृष्ठभूमिका परिवारहरूका बालबालिकाहरूलाई आध्यात्मिक शिक्षा दिने कामलाई अझ सुनियोजित बनाउने प्रयास गर्नु परेको छ । टोल तथा गाँउहरूमा समुदाय निर्माण गर्ने प्रक्रियाको बढ्दो गतिको लागि यो आवश्यक कुरा हो । यो एउटा कठिन कार्य हो जसको लागि अभिभावकहरू र संस्थाहरूमा उत्तिकै धैर्य र आपसी सहयोगको आवश्यकता पर्दछ । रुही प्रतिष्ठानलाई बालकक्षाका शिक्षकहरूको तालिमका लागि पाठयक्रमहरू छिटो तयार पार्न अनुरोध गरिसकेकेको छ । यो विभिन्न स्तरको हुनेछ र साथ साथै जाने पाठहरू पनि संलग्न हुने छन् । ५ वा ६ वर्षका बालबालिकाहरूबाट शुरु गरिएर १० वा ११ वर्ष सम्मका लागि हुने छ, ताकि हालका पाठहरू र नव युवाहरू पाठय पुस्तक बीचको अन्तर कम हुन जानेछ, जस्तै "आस्थाको चेतना" र चाँढै नै आईरहेको "पावर अफ दी होलि स्पीरिट" जसले यस उमेर समूहको लागि बनाईको कार्यक्रमको लागि स्पष्ट बहाई सामग्री प्रदान गरेको छ । अब यी थप पाठ्यक्रमहरू र पाठहरू उपलब्ध हुन्छन् । तब सबै देशहरूका तालिम प्रतिष्ठानले आवश्यक शिक्षक र संयोजकहरू तयार गरि एक पछि अर्को कक्षाका लागि बालबालिकाको आध्यात्मिक शिक्षाको लागि एउटा मुख्य कार्यक्रम स्थापना गर्न सक्नेछ । जसका साथसाथै पूरक साम्रगीहरूको व्यवस्था गर्न सकिने छ । यसै बीच प्रतिष्ठानले शिक्षकहरूलाई उपयुक्त साम्रगीहरूको व्यवस्था गर्न सक्दो प्रयास गर्नु पर्छ, हाल प्रयोग भईरहेका साम्रगीहरू समेत प्रयोग गरेर विभिन्न उमेरका बालबालिकाका लागि आवश्कता अनुसार प्रयोग गर्नु पर्छ ।

१५)    पाँच वर्षे योजनाको लक्ष्य चाँडै प्राप्त गर्नका लागि महत्वपूर्ण बल प्रदान गरेकोमा अन्तर्राष्ट्रिय प्रशिक्षण केन्द्रले हाम्रो स्थायी कृतज्ञता प्राप्त गरेको छ । त्यस संस्थाले यस विश्वव्यापी अभियानमा ल्याईएको क्रम शक्तिलाई हेर्दा त्यसले दृढताका साथ सबै महाद्विपहरूमा भएको प्रगतिलाई पछ्याउँदै र महाद्विपीय सल्लाहकार सँग निकटताका साथ आपसी सहयोग कायम राख्दै गरेको काम देख्दा प्रशासनिक व्यवस्थामा निहित विशाल शक्तिको एउटा झलक देख्न सकियो । जब प्रशिक्षण केन्द्रले अब आफ्नो ध्यान उस्तै उत्साहका साथ क्लष्टर स्तरका क्रियाकलापहरूको प्रभावकारीतामा ध्यान दिने छ त्यसले अवश्य पनि बहाई बाल कक्षाहरूको कार्यान्वयनमा विशेष महत्व दिने छ हामीलाई विश्वास छ कि कोही छानिएका क्लष्टरहरू प्राप्त भएका अनुभवहरूको त्यस केन्द्रले गरेको विश्लेषणले विविध सामाजिक

वास्तविकताहरूलाई ध्यान राखि व्यवहारिक विषयहरू बारे प्रकाश पार्ने छ, जसको कारण विभिन्न टोलहरू र गाँउहरूमा सबै उमेरका बाल बालिकाका लागि नियमित कक्षाहरू स्थापना सम्भव हुने छ ।

१६)  नव युवाको आध्यात्मिक सशक्तिकरण कार्यक्रमको तीब्र फैलावट पनि बहाई समुदायहरूमा भईरहेको सांस्कृतिक प्रगतीको अर्को एउटा अभिभक्ति हो । जब कि विश्वव्यापी विचारधारा अनुसार यो उमेर समूह समस्या मूलक भएको, कोलाहल पूर्ण शारिरीक र मानसिक परिवर्तनमा विचलित भएको, अनउत्तरदायी र व्यक्तिगत स्वार्थमा अलमलिएको देखिएको छ । बहाई समुदायले भने आफूले प्रयोग गरेको भाषा आफू लिएको बाटो अनुसार उल्टो दिशामा गईरहेको देखिन्छ , नव युवामा परोपकारी भावना न्यायपूर्ण व्यवहार, ब्रम्हाण्डको बारेमा जान्ने ईच्छा र अझ राम्रो विश्वको निर्माणमा सहभागी बन्ने ईच्छुकता देखिन्छ । संसार भरिका देशहरूमा नवयुवाहरूले यस कार्यक्रमको सहभागीको रुपमा आफ्नो विचारहरूलाई व्यक्त गरेका एक पछि अर्को विवरणले यो दृष्टिको मान्यतालाई प्रमाणित गर्दछन् । प्रर्याप्त संकेतहरू देखिसकेका छन् कि यो कार्यक्रमले तिनीहरूको फस्टाईरहेको मनस्थितिले वास्तविकताको खोजी गरिरहेको अवस्थामा तिनीहरूले समाजमा काम गरिरहेको निर्माणाधिन र विनासकारी शक्तिहरूलाई विश्लेषण गर्न र यी शक्तिहरूले उनीहरूका विचार काम कार्वाहीहरूमा कस्तो प्रभाव पारेका छन् भन्ने बुझ्न  मद्दत गरेको छ, तिनीहरूको आध्यात्मिक धारणालाई तीब्र बनाई दिएको छ, तिनीहरूको विचार व्यक्त गर्ने शक्ति बढाई दिएको छ र तिनीहरूको जीवन भर नै सेवा पुऱ्याउन सक्ने नैतिक संरचनाहरू सृदृढ पारिएका छन् । जुन उमेरमा उनीहरूको बढदो बौद्धिक,आध्यात्मिक र शारिरीक शक्तिहरू उनीहरूका लागि उपलब्ध हुँदै छन् , तिनीहरूलाई त्यस्ता साधनहरू दिएको छ जस द्वारा तिनीहरूले यस्ता तत्वहरूको सामना गर्ने सक्नेछन् जसले उनीहरू महान जीव हुन् र सबैको भलाईको लागि काम गरिरहेका छन् भन्ने उनीहरूको पहिचान छिन्न खोजिरहेका छन् ।

१७)  यस कार्यक्रमको मुख्य अंशले विभिन्न विषयहरूलाई बहाई दृष्टिकोणले अन्वेषण गरेको छ, न कि धार्मिक शिक्षाको रुपले, यसले गर्दा नव युवाहरूका लागि अरु विभिन्न वातावरण र परिस्थितिहरूमा काम गर्ने बाटो खुल्न गएको छ । यस्ता कैयौं परिस्थितिहरूमा जसले कार्यक्रम कार्यान्वयन गर्दछन् तिनीहरू सामाजिक कार्यको क्षेत्रमा आत्मा विश्वासका साथ विभिन्न प्रश्नहरू र सम्भावनाहरूको सामना गर्दै प्रवेश गर्दछन् । यसको प्रगति हेर्ने र विश्वव्यापी रुपमा सिक्ने भावनाबाट र व्यवस्था गर्ने काम पवित्र भूमि सामजिक तथा आर्थिक विकासको कार्यालयले गर्दछ । यसरी बटुलिएका ज्ञान र अनुभवको कारण विश्व भर छरिएका कोही क्लष्टरहरूमा १००० भन्दा बढी नव युवाहरूलाई समेट्ने क्षमताको विकास भई सकेको छ । अरुहरूलाई यस दिशामा छीटो अगाडि बढनका लागि मद्दत गर्न त्यस कार्यालयले सबै महाद्विपहरूमा विशेष स्थानहरूको एउटा सञ्जालको अनुयायीहरूको एउटा समूहको सहयोगबाट विभिन्न स्थानहरूको सञ्जालको स्थापना गर्दै छ, जसले २० औ क्लष्टरहरूका संयोजकहरूको तालिम गर्न सक्नेछ । यो स्रोत व्यक्तिहरूले संयोजकहरूलाई आफ्ना क्लष्टरहरूमा फर्केपछि पनि सहयोग गरिरहन सक्ने छन्, यसरी तिनीहरूलाई एउटा आध्यात्मिकताले परिपूर्ण वातावरण सृजना गर्न सक्षम बनाएमा नब युवा कार्यक्रमले राम्ररी जरा गाड्न सक्ने छ ।

१८)  यस अभियानको क्षेत्रमा अरु ज्ञान अवश्य पनि थपिने छ । कामको ढाँचा भने स्पष्ट भईसकेको छ । स्कूलहरू र नागरिक समूहहरूले गरेको यस कार्यक्रमको मात्र बहाई समुदायको क्षमताले गर्दा पूरा हुने सकेको छैन । हाल सघन वृद्धि कार्यक्रममा केन्द्रित भएका क्लष्टरहरूमा त्यस्ता परिस्थितिहरूका लहर छन् जहाँ कहिलेकाहीँ मात्र जम्मा हुने नव युवाका समूह देखि एउटा समर्पित संयोजकको आवश्यकता

भएका ठूला संख्याका समूह छन्, जसले एउटा निश्चित स्थानबाट नियमित सहयोग प्राप्त गर्न र ज्ञानको प्रसार गर्न सक्ने छन् । यो क्षमता निश्चित रुपले यी सबै क्लष्टरहरूमा बढोस भन्नाले हामीले ३२ वटा सिक्ने स्थानहरूका लागि आह्वान गरेका छौ, प्रत्येकले पूरै समय काम गर्ने संयोजक भएका प्रत्येकले करिब २० वटा क्लष्टरमा सेवा पुऱ्याउने छन् र चालु योजनाको अन्त्य सम्ममा काम शुर गर्ने छन् । यस्ता सबै क्लष्टरहरूमा अगामी वर्ष भरिमा यस कार्यक्रम प्रदान गर्ने क्षमताको विकासलाई प्राथमिकता दिईने छ, समूहहरूको संख्या सुनियोजित तरिकाले बढाईनेछ ।

१९) हामीले अहिले सम्म उल्लेख गरेका उपलब्धीहरू प्रभु धर्मको शिक्षा प्रत्यक्ष रुपले दिन सक्ने क्षमताको वृद्धि र सबै क्षेत्रका व्यक्तिहरू सँग धार्मिक महत्वका कुराहरू बारे उपयोगी विचार विर्मश गर्नु सक्नु , कार्य क्षेत्रसँग सम्बद्ध लेखनीहरूको अध्ययन गर्ने तरिकाको प्रश्फुटन, नियमित रुपले शहरी टोलहरू र गाँउहरूमा बाल बालिकालाई आध्यात्मिक शिक्षा दिन प्रतिबद्धताको नविकरण, नव युवाहरूमा दुईवटा नैतिक उद्देश्यहरू पुऱ्याउने कार्यक्रमको प्रभावको फैलावट, तिनीहरूमा निहित क्षमताहरूको विकास र समाजको परिवर्तनमा तिनीहरूको योगदान यी सबै ठूलै मात्रामा सुदृढ पारिएका छन् संस्कृतिको स्तरमा अर्को एउटा प्रगति द्वारा, जसको प्रभाव सच्चै नै दुरगामी छन् । सामूहिक चेतनामा आएको यो परिवर्तन “सँगै जाने” भन्ने वाक्यांशको प्रयोग साथीहरूको वार्तालापमा बढ्दो मात्रामा प्रयोग हुनु बाट पनि देखिन्छ , यस वाक्यांशले एउटा नयाँ अर्थ प्राप्त गरेको छ र बहाई समुदायको सामान्य शब्द कोषमा मिल्न गएको छ। यसले एउटा यस्तो संस्कृतिको सुदृढीकरणलाई संकेत गर्छ जसमा सिक्ने काम नै यसको कार्य शैली हो, यस्तो कार्य शैली जसले एउटा दैवी सभ्यताको निर्माणमा बढदो संख्यामा मानिसहरूको समेत सहभागीता जुटाउछ र बहाउल्लाहका सन्देशहरूलाई कार्यान्वयन गर्ने काममा सामूहिक प्रयास गराइन्छ, जुन कुरा धर्म संरक्षकज्यूले बहाई धर्मको मुख्य उद्देश्य हो भन्नु भएको छ । यस्तो तरिका आध्यात्मिक दृष्टिकोणले खोक्रो भएको र मरणासन्न अवस्थाको पूरानो सामाजिक व्यवस्थाको ठीक उल्टो छ किनकि त्यो व्यवस्थाले मानव शक्तिलाई अधिपत्य, लोभ, दोष वा चालबाजी द्वारा परिचालन गर्न खोज्दछ ।

२०) साथीहरूको बीचको सम्बन्धमा संस्कृतिको विकासले गर्दा तिनीहरूका अन्तर सम्बन्धको गुणस्तरद्वारा व्यक्त भएको छ । सिक्ने भावना नै कार्य शैलीको आधार हो भने यसको लागि सबैले नम्र व्यवहार गर्नु पर्ने हुन्छ, यस्तो व्यवहार जसमा आफूलाई विर्सनु पर्छ, ईश्वरमाथि पूर्ण भरोसा राख्नु पर्छ, उनको सर्व पालक शक्तिमाथि निर्भर रहनु पर्छ र उनको अचुक सहायतामा आत्मा निर्भर रहनु पर्छ, पूरै विश्वस्त हुनु पर्छ उनी, र उनीमात्रले भुसुनालाई एउटा चीलमा, एउटा थोपालाई असिमित सागरमा परिणत गर्न सक्छन् । र यस्तो अवस्थामा आत्माहरू मिलेर सधै परिश्रम गर्दछन् , आफ्नो उपलब्धीहरूमा गर्व गरेर होइन, बरु अरुहरूको प्रगति र सेवामा । उनीहरूको विचार सधैँ उनको धर्मको सेवामा एक अर्कालाई उच्च शिखरमा पुग्न मद्दत गर्ने र उनको ज्ञानको स्वर्गमा आकासि रहने कुरामा केन्द्रित हुन्छन् । अहिले विश्व भरि नै प्रकट भईरहेको क्रियाकलापको ढाँचामा हामी यही कुरा देखिरहेका छौ, जसलाई जवान तथा वृद्ध, अनुभवि तथा नयाँ सदस्य, साथ साथै मिलेर प्रचार प्रसार गरिरहेका छन् ।

२१. संस्कृतिमा भएको यो प्रगतिले व्यक्ति व्यक्ति बीचको सम्बन्धलाई प्रभाव पारेको मात्र होइन, बरु यसको असर धर्मको प्रशासनिक काम कार्वाहीमा पनि अनुभव गरिएको छ । समुदायको कार्य शैली सिक्ने काम द्वारा चिनिने भएकोले विस्तार र सुदृढीकरण सम्बन्धि केही निर्णय लिने कामहरू अनुयायीहरूको जनसमुदायलाई नै दिन थालिएको छ, यसो गर्नाले योजना बनाउने र कार्यान्वयन गर्ने काम कार्य क्षेत्रको

परिस्थिति अनुकुल हुन जान्छ । खास गरि "रिफेलक्सन मिटिङ्ग" को संस्थामा एउटा यस्तो स्थान सृजना गरिएको छ ती व्यक्तिहरूको लागि जो क्लष्टर स्तरका क्रियाकलापहरूमा संलग्न छन तिनीहरूका लागि आफ्नो वर्तमान परिस्थितिबारे सहमतिमा पुग्न बेला बेलामा भेला हुने व्यवस्था छ, जसमा संस्थाहरूको अनुभव र मार्गदर्शनको पृष्ठभूमिमा तिनीहरूले आफूले तुरुन्तै चाल्नुपर्ने कदम बारे निर्णय गर्न सक्छन् । यस्तै स्थान प्रतिष्ठानले पनि खोलेको छ, जसले क्लष्टर स्तरमा टयुटर, बालकक्षाका शिक्षकहरू र नव युवा समूहहरूका "एनिमेटर" (सहजकर्ता) लाई बेला बेलामा भेट्न र आफ्ना अनुभवहरू बारे छलफल गर्न सक्ने गराईएको यो जन समुदायको स्तरमा हुने विचार विमर्शको प्रक्रिया सँग निकट सम्बन्ध राख्ने प्रतिष्ठानका अन्य संस्थाहरू र क्षेत्रिय शिक्षण समिति हुन् , जुन सहायक समितिका सदस्यहरूका साथ साथै काम गर्छन र जसको संयुक्त अन्तक्रियाले अर्को एउटा स्थान प्रदान गरेको छ । जसमा वृद्धि सम्बन्धि निर्णयहरू लिईन्छ, यस परिस्थितिमा बढि औपचारिकताका साथ आकस्मिक आवश्यकताबाट उत्पन्न भएको यो क्लष्टर स्तरको प्रणालीको काम कार्वाहीले बहाई प्रशासनको एउटा महत्वपूर्ण प्रकृतिलाई औंल्याउछ : एउटा सजिव प्राणी जस्तै यस भित्र त्यसको क्षमता छ जसले संरचनाहरू र प्रक्रियाहरू, पारस्परिक सम्बन्ध र क्रियाकलापहरूको सम्बन्धमा झन् झन् जटिल स्थितिलाई समेटन सक्छ, जब यो विश्व न्याय गृहको मार्ग दर्शनमा विकसित हुदै जान्छ ।

२२)	प्रभु धर्मका सबै स्तरका संस्थाहरू स्थानीय र क्षेत्रिय देखि, राष्ट्रिय र महाद्विपीय सम्मले बढ्दो जटिलतालाई झन् झन् बढी दक्षताका साथ सञ्चालन गर्न सक्षम हुनु भनेको तिनीहरूको स्थिर परिपक्कताको चिन्ह र आवश्यकता दुवै हुन् । प्रशासनिक अङ्गहरू बीच विकसित हुँदै गएका सम्बन्धहरूको कारण स्थानीय आध्यात्मिक सभा एउटा नयाँ चरणको संघारमा पुगेको छ , ईश्वरको शब्द फिजाउने जिम्मा बहन गर्ने काममा, अनुयायीहरूको शक्तिहरू परिचालन गर्नमा र आध्यात्मिकताले प्रज्ज्वलित वातावरण सिर्जना गर्ने काममा । पहिले पहिले हामीले यो कुरा बुझाएको थियौ कि स्थानीय आध्यात्मिक सभाको परिपक्कता त्यसका बैठकरूको नियमितता र त्यसको काम गर्ने दक्षताबाट मात्र मूल्याङ्कन गर्न सकिन्न् । बरु ठूलो मात्रामा त्यसले सेवा गर्ने समुदायको आध्यात्मिक र सामाजिक सजीवताद्वारा मूल्याङ्कन गर्नु पर्छ- यस्तो बढिरहेको समुदाय जसले औपचारिक रुपले सदस्य बनेका र ती जो बनेका छैनन् सबैको रचनात्मक योगदान स्वागत गर्दछ । यस कुराबाट सन्तोष लिन सकिन्छ कि हालका उपायहरू, तरिकाहरू र साधनहरूले स्थानीय आध्यात्मिक सभाहरूलाई, भर्खरै गठन भएका भए पनि, पाँच वर्षे योजनाका आवश्यकताहरू आफ्ना समुदायहरूमा चाहिए जति पुऱ्याउनका लागि तिनीहरूका उत्तरदायित्व पूरा गर्न चाहिने साधन उपलब्ध गराएका छन् । साच्चैनै, स्थानीय सभाको योजना सँगको उचित संलग्नता ठूलो संख्यालाई समेटने प्रयासको लागि महत्वपूर्ण हुन जान्छ-सभाको शक्ति र क्षमताका पूर्ण प्रकट हुनका लागि नै यो एउटा आवश्यक कुरा हो ।

२३)	स्थानीय आध्यात्मिक सभाको विकासमा हामीले आगामी केही वर्षमा देखिने कुराहरू राष्ट्रिय आध्यात्मिक सभाको बढ्दो शक्तिले नै सम्भव गराएको हो ; त्यसको कौशलतापूर्वक विचार गर्ने र कार्य क्षेत्रमा उत्रने योग्यता प्रत्यक्ष रुपले बढेको छ, खास गरी तिनीहरूले जनसमुदायको स्तरमा समुदाय निर्माण प्रक्रियालाई बढ्दो तीब्रता , प्रभावकारीताका साथ विश्लेषण गर्न सिकेका छन् र आवश्यकता अनुसार त्यसमा साहयता, स्रोत साधन, प्रोत्साहन र प्रेम पूर्ण मार्गदर्शनले भरेका छन् । जुन देशहरूमा परिस्थितिले माग गरेको छ त्यहाँ तिनीहरूले आफ्ना केही उत्तरदायित्वहरू क्षेत्रिय परिषदहरूलाई सुम्पिएका छन् , केही प्रशासनिक कार्यहरूलाई विकेन्दीकरण गरेर, आफ्नो मातहतका क्षेत्रहरूमा प्रशासनिक क्षमता बढाएर , र बढी परिष्कृत अन्तरक्रियाको विकास गरेर । यसो भन्दा अतिशयोक्ति नहोला कि राष्ट्रिय सभाहरूको पूर्ण

संलग्नता कै कारण वर्तमान योजनाको लक्ष्य प्राप्त गर्न अन्तिम धक्का दिन सकियो, र यो दिशामा अरु उपलब्धिहरूको हामीले अपेक्षा गरेका छौं, जसरी सल्लाहकारसँग मिलेर तिनीहरूले आगामी महत्वपूर्ण, क्षेणिक महिनाहरूमा आफ्ना समुदायहरूलाई आउँदो ५ वर्षे अभियानको लागि तयार पार्ने प्रयास गरुन ।

२४) गत १ दशकको अवधिमा सल्लाहकारहरूको संस्थाको विकास बहाई प्रसाशनिक व्यवस्थाका सब भन्दा महत्वपूर्ण प्रगति मध्ये एक भएको कुरामा कुनै प्रश्नै छैन । त्यस संस्थाले आफ्नो विकासको क्रममा असाधारण फड्को मारेको कुरा त्यस बेला नै प्रष्ट भएको थियो जब जनवरी २००१ मा सल्लाहकारहरू र साहायक समितिका सदस्यहरू पवित्र भूमिमा अन्तर्राष्ट्रिय प्रशिक्षण केन्द्र कार्मेल पर्वतमा अवस्थित आफ्नै भवनमा सरेको अवसरमा एउटा सम्मेलनका लागि जम्मा भएका थिए । यसमा कुनै शंकै छैन कि त्यस घटनाले पैदा गरेको शक्तिले त्यस संस्थालाई तिब्र गतिमा अघि बढाएको छ । जुन मात्रामा सल्लाहकार र उनीहरूका साहायकहरूले योजनाको प्रगतिमा प्रभाव पारेका छन् त्यसले प्रमाणित गरेको छ कि तिनीहरूले शिक्षण क्षेत्रमा आफ्नो स्वाभाविक स्थान अर्थात अग्रपंक्तिमा ओगटेका छन् । हामीलाई विश्वास छ कि आगामि वर्षले प्रशासनिक व्यवस्थाका संस्थाहरूलाई सहयोगको गाँठोमा बाध्ने छ, जब सबैले आफ्नो परिवर्तित जिम्मा र उत्तरदायित्वहरू अनुसार समुदायको सिक्ने ढाँचाको कार्यशैलीलाई सबैले अझ बलियो बनाउने प्रयास गर्ने छन् यो खास गरि ती क्लष्टरहरूमा जहाँ सघन वृद्धि कार्यक्रम अनुभव गरीरहेका छन् ।

२५) बहाउल्लाहको प्रकटीकरण विशाल छ । यसले व्यक्ति व्यक्तिको स्तरमा मात्र नभई समाजकै बनोटमा गहन परिवर्तनको अपेक्षा गर्दछ । “के प्रत्येक प्रकटीकरणको उद्देश्य, ” उनी आफैले घोषणा गरेका थिए, “मानवजातिको सम्पूर्ण चरित्रमा परिवर्तन ल्याउनु होइन र, जुन परिवर्तनले भित्र र बाहिर दुबैमा परिवर्तन प्रकट भई त्यसले भित्री जीवन र बाहिरी परिस्थितिहरूलाई प्रभाव पार्नु होइन र ?” आज विश्वको प्रत्येक कुनामा अघि बढिरेहेको कामले उनका शिक्षाहरूमा अवस्थित त्यो गौरवमय सभ्यताको केन्द्र विन्दु सिर्जना गर्ने बहाई प्रयास सबभन्दा नयाँ चरण हो, यसको निर्माण असिमित जटिलता र परिमाणको छ , यसको प्राप्तिको लागि मानवजातिले कैयौं शताब्दी सम्म प्रयास गर्नु पर्ने हुन्छ । यसको लागि कुनै छोटो मार्ग छैन, कुनै शत्रु छैन । यदि उनको प्रकटीकरणबाट प्राप्त दृष्टिहरूमा ध्यान दियो, मानवजातिको जम्मा भई रहेको ज्ञानबाट फाइदा लियो, उनको शिक्षाहरू मानव जिवनमा प्रयोग गऱ्यो र उठेका प्रश्नहरूमाथि विचार विर्मश गऱ्यो भने मात्र हामीले सिक्न सिक्ने काम हुनेछ र क्षमताको विकास गरिने छ ।

२६) क्षमता विकासको यो लामो प्रक्रियामा बहाई समुदायले झण्डै ढेड दशक समर्पित गरेर शिक्षण क्षेत्रको अनुभवलाई सुव्यवस्थित गर्ने , कुनै कुनै क्रियाकलापहरू झन् झन् बढी मानिसहरूका लागि खुल्ला गर्ने र विस्तार तथा सुदृढिकरणलाई स्थायी बनाउने काम गऱ्यो । समुदायको न्यानो अँगालोमा प्रवेश गर्न र बहाउल्लाहको जीवनदायीनी सन्देशबाट साहारा प्राप्त गर्न सबैलाई स्वागत छ । सत्यको लागि तीब्र ईच्छा भएको आत्माको लागि प्रभु धर्मको किल्लामा आश्रय पाउनु र एकता ल्याउन सक्ने संविदाबाट बल प्राप्त गर्न सक्नु भन्दा बढी हर्ष कहाँ पाउन सक्ला । तर प्रत्येक मानवजाति र व्यक्ति व्यक्तिको प्रत्येक समूह, उनका अनुयायीहरू मध्ये गरिएका हुन् वा नहुन्, ले आफूले सामना गर्नु परेका चुनौतिहरूको लागि साहयता प्राप्त गर्न उनका सन्देशहरूबाट प्रेरणा लिन सक्छन् । साँच्चै नै त्यो सभ्यता जसले मानवजातिलाई आह्वान गरिरहेको छ त्यसको प्राप्ति बहाई समुदायको प्रयासबाट मात्र हुँदैन । धेरै समूहहरू तथा संगठनहरू, मानव एकताको बहाई सिद्धान्तको अप्रत्यक्ष उदाहरणबाट विश्व एकताको

भावनाबाट अनुप्राणित भएर हालको अव्यवस्था र अस्तव्यस्तताबाट उत्पन्न हुने सभ्यताको निर्माणमा योगदान पुऱ्याउने छन् । यो कुरा सबैको लागि स्पष्ट हुनु पर्छ कि एक पछि अर्को विश्व योजनाले बहाई समुदायमा सिर्जना भएको क्षमताले सभ्यता निर्माणका धेरै र विविध पक्षहरूमा बढ्दो मात्रामा सहयोग पुऱ्याउन सक्ने भएको छ, यसरी समुदायको लागि सिक्ने कार्यमा नयाँ सिमानाहरू देखा परेका छन् ।

२७)  हामीले हाम्रो रिज्वान २००८ को सन्देशमा, मित्रहरूले क्लष्टर स्तरमा परिश्रम गरिरहेको बेलामा, भनेका थियौ कि तिनीहरू झन् झन् बढी समाजको जीवन आकर्षित भईरहने छन् र आफू व्यस्त रहेको सुनियोजित ढङ्गले सिक्ने प्रक्रियालाई झन् फराकिलो भईरहेका मानव प्रयासहरूलाई समेत समेट्ने छन् । सामुदायिक जीवनको एउटा सम्पन्न ढाँचा प्रत्येक क्लष्टरमा देखिन थाल्ने छ जब सामुदायिक उपासना, साथ साथै घर घरमा आयोजना हुने विचार विमर्शहरू, लाई जन समुदायका सबै सदस्यहरूलाई आध्यात्मिक शिक्षा दिन थालिन्छ वयस्क, युवा र बालबालिका । सामाजिक चेतना स्वाभाविक रुपले बढन जान्छ जब बालबालिकाका आकाँक्षा बारे अभिभावकहरू बीच जोडदार विचार विमर्श हुन थाल्छ र नव युवाहरूको सक्रियतामा सेवा आयोजनाहरू उत्पन्न हुन थाल्छन् । एक पटक क्लष्टरहरूमा मानव सम्साधन पर्याप्त मात्रामा हुन्छ र वृद्धिको ढाँचा बलियो सँग स्थापित हुन्छ, तब समुदायको समाज सँगको सहकार्य बढ्न जान्छ र जानु पनि पर्छ । योजना यो महत्वपूर्ण विन्दुमा, जब धेरै क्लष्टरहरू यही चरणमा पुग्न लागेका छन, यो उपयुक्त देखिन्छ कि मित्रहरूले उनीहरूको बढी रहेको, सजीव समुदायहरूले समाजको भौतिक र आध्यात्मिक प्रगतिमा के कस्तो योगदान पुऱ्याउन सक्छन् भन्ने बारे चिन्तन गर्नु उचित देखिन्छ । यस सम्बन्धमा, अर्न्तसम्बन्ध भएका र एक अर्कालाई बलियो पार्न सक्ने दुईटा क्रियाकलापका क्षेत्रहरूबारे विचार गर्नु होला : सामाजिक कार्यमा संकलन हुनु र समाजमा प्रचलित विचार विमर्शमा सहभागी बन्नु ।

२८)  केही शताब्दी यता बहाई समुदायले आफ्नो प्रयासका यी दुई क्षेत्रहरूमा थुप्रै अनुभव हासिल गरेको छ ।  धेरै बहाईहरू आफ्ना व्यवसायहरू मार्फत सामाजिक कार्य र सार्वजनिक विचार विमर्शमा व्यक्ति व्यक्तिको रुपले भाग लिने गरेका छन् । केही गैर सरकारी संस्थाहरू, प्रभु धर्मका सन्देशहरूबाट प्रेरणा प्राप्त गरेर क्षेत्रिय र राष्ट्रिय स्तरमा, आफ्ना जनताको भलाईको लागि सामाजिक तथा आर्थिक विकासको क्षेत्रमा काम गरि रहेका छन् । राष्ट्रिय आध्यात्मिक सभाहरू अन्तर्गतका संस्थाहरूले सार्वजनिक कल्याणको लागि अनुकुल विचारहरूको प्रवर्द्धनमा विभिन्न उपायद्वारा योगदान पुऱ्याई रहेका छन् । अन्तर्राष्ट्रिय स्तरमा, बहाई अन्तर्राष्ट्रिय समुदायको संयुक्त राष्ट्र संघ जस्ता कार्यलय जस्ता संस्थाहरूले यस्तै किसिमका कामहरू गरिरहेका छन् । जहाँ सम्म आवश्यक पर्छ र उचित देखिन्छ समुदायको सामन्य स्तरमा काम गरिरहेका मित्रहरूले आफ्नो वरिपरिको समाजका समस्याहरू समाधान गर्ने शिल शिलामा यस अनुभव र क्षमताबाट फाइदा लेउन ।

२९)  उपयुक्त किसिमले वर्णक्रमको रुपमा हेर्दा सामाजिक कार्य एकदम अनौपचारिक सिमित अवधिका प्रयासहरू जसलाई व्यक्ति व्यक्ति वा स-साना समूहका साथीहरूले गरेका प्रयासहरूबाट शुरु हुन्छ र उच्च स्तरका जटिल र परिष्कृत सामाजिक तथा आर्थिक विकासका कार्यहरू जसलाई बहाई प्रेरित संस्थाहरूले सञ्चालन गरेका छन् । तिनीहरूको कार्य क्षेत्र र मापक्रम जस्तो सुकै भए पनि सबै सामाजिक कार्यले जति सुकै सानो संख्याको भए पनि जन समुदायको सामाजिक वा आर्थिक जीवन बहाउल्लाहका शिक्षा र सिद्धान्त प्रयोग गरेर सुधारने चेष्ठा गरेको छ । यस्ता प्रयासहरू कुनै जन समुदायको भौतिक उन्नति र साथै त्यसको आध्यात्मिक प्रगति ल्याउने उद्देश्यले चिनिएका छन् । मानवजातिको क्षितिजमा देखिसकेको

विश्व सभ्यताले जीवनका भौतिक र आध्यात्मिक आवश्यकताहरू बीच एउटा गतिशील संयोग हासिल गर्नु भनेको बहाई शिक्षाहरूको लागि मुख्य कुरा हो । यो स्पष्ट छ कि यो आदर्शको कुनै पनि सामाजिक कार्यको प्रकृतिमा गहन आशयहरू छन् , त्यसको कार्यक्षेत्र र प्रभावको स्तर जस्तो सुकै होस् । देश देशको परिस्थिति बेग्ला बेग्लै हुन सक्छन् , शायद क्लष्टर क्लष्टरको पनि, मित्रहरूबाट विभिन्न किसिमका माग गर्न सक्लान् , तर सबैले यही आधारभूत सिद्धान्तहरूलाई मनमा राख्नु पर्छ । एउटा हो सामाजिक अस्तित्वको लागि ज्ञानको प्रमुखता । अज्ञानतालाई लम्बाई रहनु अति पिडादायी अत्याचार हो ; त्यसले मानवजातिको एकता हासिल गर्ने काममा तगारोको रुपमा रहेका कैयौं पर्खालहरूलाई झन बलियो बनाउँछन् जब कि मानव एकता नै बहाई प्रकटिकरणको लक्ष्य र सिद्धान्त हो । ज्ञानको पौंच सबै मानवजातिको अधिकार हो र त्यसको उत्पादन, प्रयोग र वितरण भनेको सबैको उत्तरदायित्व हो एउटा समृद्ध विश्व सभ्यता निर्माण गर्ने महान अभियानमा प्रत्येक व्यक्तिले आफ्ना सीप र योग्यता अनुसार । न्यायले सर्वव्यापि सहभागीताको माग गर्दछ । यसरी, सामाजिक कार्य भनेको सामग्री र सेवाहरू प्रदान गर्ने काम सँग सम्बन्धित हुन सक्छ, तर त्यसको मुख्य उद्देश्य कुनै जन समुदायको क्षमता विकास गरेर झन् राम्रो सिर्जना गर्ने काममा सहभागी बनाउनु हो । सामाजिक कार्य भनेको मानिसहरूको एउटा समूहले अर्को समूहको भलाईको लागि गर्ने आयोजना होइन । सामाजिक कार्यको कार्यक्षेत्र र त्यसको जटिलता यस्तो हुनु पर्छ कि टोल वा गाँउमा उपलब्ध मानव संसाधनले त्यसलाई अगाडि बढाउनु सक्नु पर्छ । यस्ता प्रयास सानै स्तरमा शुरु गर्नु पर्छ र जुन समुदायमा क्षमता प्राकृतिक रुपले बढ्दै गए पछि त्यसलाई बढाउदै लानु पर्छ । क्षमताहरू नयाँ स्तरमा पुग्छन् जब सामाजिक कार्यका मुख्य व्यक्तिहरूले बढ्दो प्रभावकारिताका साथ बहाउल्लाहको प्रकटीकरणका मूल तत्वहरू विज्ञानका साम्रगी र पद्धतीका साथसाथै आफ्ना सामाजिक वास्तविकतामा प्रयोग गर्न थाल्छन् । यो वास्तविकतालाई तिनीहरूले यसरी हेर्न प्रयास गर्नु पर्छ जुन उनका शिक्षा अनुकुल छ सबै मानवजातिलाई अमूल्य मणि भएको सम्झेर हुनु पर्छ र एकीकरण तथा विघटन प्रक्रियाको हृदयमा र मनमा तथा सामाजिक संगठनहरूमा हुने प्रभावलाई बुझ्नु पर्छ ।

३०) प्रभावकारी सामाजिक कार्यले समाजमा हुने वार्तालापको सहभागीतालाई बढी सम्पन्न बनाउँछ, जब कि यस्ता केही वार्तालापहरूमा भाग लिनाले सामाजिक कार्यलाई मूर्त रुप दिने सिद्धान्तहरूलाई स्पष्ट पार्न सकिन्छ । क्लष्टर स्तरमा, सार्वजनिक वार्तालापमा भाग लिन भनेको दैनिक कुराकानीमा बहाई विचारहरू प्रस्तुत गर्ने सामान्य कार्य देखि बढी औपचारिक क्रियाकलापहरूमा भाग लिन सकिन्छ जस्तै सामाजिक चासोका विषयहरूमा लेखहरू तयार पार्नु , भेलाहरूमा भाग लिनु जस्तै मौसम परिवर्तन र वातारवण, सुशासन र मानव अधिकार । यसले गर्दा गाँउ तथा टोलहरूमा नागरिक समूहहरू र स्थानीय संघ संस्थासँग उपयोगी अन्तरक्रिया हुन जान्छ ।

३१) यसै शिलशिलामा हामी एउटा चेतावनी दिन पनि बाध्य भएका छौ : सबैले यो बुझ्नु जरुरी छ कि सामाजिक कार्य र सार्वजनिक वार्तालापमा भाग लिनुको महत्वलाई बहाई सदस्यता क्षमताको दृष्टिकोणबाट हुनु हुँदैन । यो दुई क्रियाकलापहरूमा भएका प्रयासहरूबाट बहाई समुदायको संख्या वृद्धि हुन सक्छ तर ती क्रियाकलापमा भाग लिन यस उद्देश्यको लागि होइन । यसको लागि ईमानदारिता अनिर्वाय हुन्छ । अझ, बहाई अनुभवलाई बढाई चढाई गरिएला भनेर होशियार हुनु पर्छ वा अनुभव हिन प्रयासहरू प्रति ध्यान आकर्षण गर्नु हुँदैन जस्तै नव युवा आध्यात्मिक सशक्तिकरण कार्यक्रम, जसलाई आफै परिपक्क बन्न दिनु पर्छ । सबै परिस्थितिमा आर्दश वाक्य हो नम्रता । आफ्ना विश्वासहरू बारे

उत्साह व्यक्त गर्दा मित्रहरूले विजयको भावना देखाउन बाट बच्नु पर्दछ, यो आफैहरू बीच गर्न अनुपर्युक्त कुरा अरुहरूको बीच गर्नु झन बढी अनुपर्युक्त हुन्छ ।

३२) तपाईहरूका लागि क्लष्टर स्तरमा देखिएका नयाँ मौकाहरूको वर्णन गर्दा हामीले तपाईहरूलाई हाल तपाईहरूले अपनाएको मार्गमा कुनै किसिमले बदल्नु भनेको होइन । यो पनि विचार गर्नु हुँदैन कि यी मौकाहरू समुदायको सिमित स्रोत साधन र बलको विस्तार र सुदृढीकरण कार्यसँग प्रतिस्पर्धा गर्ने सेवाका वैकल्पीक कार्य स्रोत होइन । आगामी वर्षमा प्रतिष्ठान प्रक्रिया र त्यसले उत्पन्न गर्ने क्रियाकलापको ढाँचालाई अझ सुदृढ बनाईनु पर्छ र शिक्षण कार्यले प्रत्येक अनुयायीको मनमा सब भन्दा महत्वपूर्ण स्थान पाउनु पर्छ । समाजको जीवन अरु बढी संलग्नता ठीक समय भन्दा अगाडि खोज्नु हुँदैन । प्रत्येक क्लष्टरमा मित्रहरूले योजनाका प्रावधान अनुसार आफ्ना काम , चिन्तन, छलफल र अध्ययन र त्यसको नतिजा स्वरुप बढी सिक्ने प्रक्रियालाई ध्यानमा राखेर कार्यान्वयन गर्दा यो प्राकृतिक रुपले अघि बढ्ने छ । समाजको जीवनमा हुने संलग्नता त्यस बेला फस्टाउन थाल्ने छ जब समुदायले आफ्नै वृद्धिको प्रवर्द्धन गर्दछ र विस्तार सजीवतालाई बढाँउछ । यसले त्यस बेला संम्बद्धता प्राप्त गर्ने छ जब समुदायलाई विस्तार गर्ने सुदृढ पार्ने काममा हालका विश्वव्यापी योजनाको क्रमको सौद्धान्तिक आधारका तत्वहरूबाट सकेसम्म फाइदा लिन सक्छ । यसले सिक्ने क्षेत्रहरूमा यी तत्वहरूलाई कतिको प्रयोग गर्न सक्छ त्यस अनुसार बहाउल्लाहको एउटा समृद्ध र शान्ति पूर्ण विश्व सभ्यता निर्माण गर्ने परिकल्पना तर्फ जन समुदायलाई लाने काममा योगदान पुऱ्याउन सक्छ ।

३३) प्रिय मित्रहरू : प्रिय स्वामीले कति पटक यो आशा व्यक्त गर्नु भएको थियो कि मित्रहरूका हृदय एक अर्को प्रतिको प्रेमले भरिपूर्ण होउन, तिनीहरूलाई छुट्याउने कुनै रेखा नै नहोओस् र सम्पूर्ण मानवजातिलाई एउटै परिवारको रुपमा रहेर ; “बरु सबैलाई आफ्ना मित्रहरूको रुपमा हेर, प्रेम र एकता आउन त्यसबेला कठिन हुन्छ जब मित्र स्थिर नजर अर्कोपाना तिर लगाईएको हुन्छ ।” गएका पानाहरूमा केलाईएका विषयहरू गहन स्तरमा हेर्दा केवल पवित्र आत्माको शक्तिद्वारा प्राप्त हुने आलौकिक प्रेमको अभिव्यक्ति मात्र हो । किनकि मनमुटाउ र विभाजनका पर्दालाई नष्ट पार्ने र हृदयहरूलाई पूर्ण एकताको गाँठोमा दाज्न सक्ने ईश्वर प्रेम मात्र होइन त ? सेवाको क्षेत्रमा तपाईंहरूलाई अगाडि बढाउने र प्रत्येक आत्मामा उनलाई चिन्न र उनको पूजागर्न सक्ने क्षमता भएको देख्न सक्षम बनाउने ईश्वर प्रेम नै हैन त ? उनको अवतारले मानवजाति प्रतिको आफ्नो प्रेमको कारण खुशी साथ दुःख कष्टको जीवन विताएको ज्ञानले तपाईंहरूलाई प्रेरित गरेको छैन त? आफ्नै सामान्य सदस्यहरूलाई हेर्नुहोस, ईरानका आफ्ना प्रिय बहाई दाजु भाई दिदी बहिनीलाई हेर्नुहोस् । तिनीहरूमा देखिएको साहास र धैर्य ईश्वरको प्रेम र उनको सेवा गर्ने ईच्छाबाट प्राप्त भएको होइन र ? तिनीहरूले निर्दयी र अति दुःख दायी यातना भोग्न सक्ने जुन क्षमता देखाएका छन् त्यसले विश्वका अत्याचारको उत्पीडन भोगिरहेका करौडौ मानिसहरूको उठेर संसारमा ईश्वरको अधिराज्य स्थापना गर्न सक्ने क्षमता व्यक्त गर्दैन त ? विखण्डन ल्याउने सामाजिक संचरनाबाट विचलित नभएर अगाडि बढनोस् र बहाउल्लाहका सन्देश प्रत्येक शहरी टोलहरू, प्रत्येक स साना गाँउ, विश्वको प्रत्येक कुनामा पर्खिरहेका आत्माकहाँ पुऱ्याउनोस् , उनीहरूलाई उनको समुदाय अति महान नामका समुदायतिर आकर्षित गर्दै । तपाईहरूले हाम्रा विचारहरू र प्रार्थनाहरूबाट कहिले टाढा रहनु पर्दैन र हामी सर्व शक्तिमान सँग याचना गरि नै रहने छौ कि उनको आश्चर्यजनक कृपाले तपाईंहरूलाई बल दियोस् ।

- विश्व न्याय गृह